जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १८४ ❑ २०८३ असार २९ गते सोमबार ❑ Monday, 13 July, 2026 ❑ मूल्य ७ /-




विश्रान्ति
गाउँका कथाहरू

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

(२)


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की**
तथा **ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०


# आत्मदाहका घटना बढ्दै

✍ खगेन्द्र कार्की

**दमक/** गत जेठदेखि असार अन्तिम सातासम्म घटेका घटनाहरू समाचार मात्र होइनन्, यी घटनाहरु समाजको ऐना पनि हुन्। केही घटनाले एउटा व्यक्तिको पीडा देखाउँछन् भने केहीले राज्यको कमजोरी उजागर गर्छन्। तर जब छोटो अवधिभित्र यस्ता घटनाहरूको श्रृंखला देखिन थाल्छ, त्यसले एउटा गम्भीर प्रश्न जन्माउँछ–के नेपाली समाज आफ्नो मानवीय चरित्र गुमाउँदै छ ?

मुलुकमा एकपछि अर्को गर्दै आत्मदाहको शृंखला चलेको छ। २०७९ माघ १० गते व्यवसायी प्रेम आचार्यले नयाँ बानेश्वरस्थित संघीय संसद् भवनअगाडि आत्मदाह गरे। त्यो आत्मदाह केवल एउटा व्यक्तिको मृत्यु थिएन, राज्यप्रतिको चरम निराशाको प्रतीक थियो। तीन वर्षपछि, २०८३ असार २५ गते त्रिपुरेश्वरस्थित राहदानी विभागअगाडि गणेश नेपालीले महानगर प्रहरीसँगको विवादपछि आत्मदाह गरे। त्यसको दुई दिनमै घरभित्रै अर्को आत्मदाहको घटना सार्वजनिक भयो। सर्लाहीमा एक युवकले आत्मदाहको प्रयास गरे। यसको मतलब गत बिहीबारदेखि शुक्रबारसम्म आत्मदाहका घटना घटे।

जेठ पहिलो हप्ता सुर्खेतमा जीविकोपार्जनका लागि बेचन ल्याइएको काफल नगर प्रहरीले सडकभरि पोखाइदियो। दमकमा युवतीको शव बोराभित्र हालिएको अवस्थामा भेटियो। कैलालीमा एउटा टेम्पोलाई सुरक्षाकर्मीले खोल्सातिर धकेलेको भिडियो सार्वजनिक भयो। काठमाडौंमा वैदेशिक रोजगारीका नाममा महिलालाई लाखौं रुपैयाँ ठगी गर्ने गिरोह पक्राउ पऱ्यो। सिरहामा परीक्षामा जफत गरिएका सयौँ मोबाइल पानीमा डुबाएर नष्ट गरिए।

यी घटना एक-अर्कासँग प्रत्यक्ष सम्बन्धित छैनन्। तर ति सबै घटनाले हामीभित्रको मानवीय संवेदना कमजोर बन्दै गएको प्रष्ट देखाएको छ। नेपाललाई बुद्धभूमि, व्यासभूमि र सहिष्णुताको भूमि भनेर चिनाइन्छ। इतिहासविद् डोरबहादुर विष्टले

**समाचार विश्लेषण**

नेपाललाई शताब्दीयौँदेखि विविध जाति, भाषा, धर्म र संस्कृतिलाई एउटै सामाजिक सूत्रमा बाँध्न सफल समाजका रूपमा व्याख्या गरेका छन्। तर आज त्यही समाजमा विश्वास घट्दै, सम्बन्धहरू टुट्दै र व्यक्तिवाद हावी हुँदै गएको देखिन्छ।

एक समय गाउँमा मेलापात हुन्थ्यो। घर बनाउँदा छिमेकी आउँथे। दु:ख पर्दा गाउँ नै परिवार बन्थ्यो। अहिले एउटै घरभित्रका सदस्यहरूबीच पनि संवाद घटेको छ। सामाजिक सञ्जालमा हजारौं साथी छन्, तर दु:ख सुनाउने मान्छे कम हुँदै गएका छन्।

दक्षिण अफ्रिकाको प्रसिद्ध उबुन्टु दर्शन भन्छ, "म छु, किनभने हामी छौं।" तर आधुनिक नेपाली समाज विस्तारै "म मात्रै" भन्ने संस्कृतितर्फ उन्मुख देखिन्छ। प्रतिस्पर्धा बढेको छ, सहकार्य घटेको छ। सफलता समाजप्रतिको योगदानले होइन, बैंक खाताले र सामाजिक सञ्जालको लोकप्रियताले मापन हुन थालेको छ।

यस परिवर्तनको प्रभाव अपराधमा पनि देखिन्छ। नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०७६/७७ मा २,३०१ साइबर अपराधका उजुरी दर्ता भएकामा आर्थिक वर्ष २०८०/८१

बाँकी ४ पेजमा ▸▸

## आत्मदाहदेखि अमानवीयतासम्म :

**घटना नं. १ :** १० माघ २०७९ प्रेम आचार्यले काठमाडौंको सिंहदरबार अगाडि नै आत्मदाह- सरकारी नीति।

**घटना नं. २ :** २५ असार २०८३ गणेश नेपालीद्वारा काठमाडौंको व्यस्त सडक त्रिपुरेश्वर राहदानी विभाग अगाडि आत्मदाह - काठमाडौं महानगरको ट्राफिक नीति।

**घटना नं. ३ :** २७ असार २०८३ आस्विन राउत घरको कोठामा आत्मदाह- पारिवारिक।

**घटना नं. ४ :** २६ असार २०८३ विवेक मण्डल सर्लाहीमा आत्मदाहको प्रयास- मानसिक सन्तुलन बिग्रीएको

**घटना नं. ५ :** ५ जेठ २०८३ मा सुर्खेत एक जना महिलाले बिक्री गर्न ल्याउनुभएको काफल नगर प्रहरीले पोखाइदियो।

**घटना नं. ६ :** २२ जेठ २०८३ मा नेपाली ब्रोद्वारा श्रीमती ईश्वरी भुजेलको हत्या।

**घटना नं. ७ :** १६ जेठ २०८३ मा दमक नगरपालिका- १०, रतुवामाई खोलाको पुलमुनि सेतो बोरामा पोको पारी राखिएको अवस्थामा एक युवतीको शव फेला।

**घटना नं. ८ :** २१ जेठ २०८३ मा सिरहामा परीक्षामा चिट चोर्न प्रयोग भएका ४९६ थान मोबाइल र स्मार्ट वाच पानीमा डुबाएर नष्ट।

**घटना नं. ९ :** ३१ जेठ २०८३ मा कैलालीमा वन कार्यालयका सुरक्षाकर्मीले टेम्पो खोल्सातिर धकेलिदिए।

**घटना नं. १० :** वैदेशिक रोजगारीका नाममा लाखौँ रुपैयाँ ठगी गर्ने गिरोह पक्राउ : कुवेत, ओमानलगायत देशमा गैरकानुनी रूपमा महिला पठाउने नेटवर्कमा संलग्न ६ जना पक्राउ। काठमाडौंमा एक महिनामै ३५१ वटा आर्थिक अपराधका मुद्दा दर्ता (नेपाल प्रहरी, २०८३ जेठ)।

# मेची करिडोरमा सवारी सञ्चालन

**इलाम/** इलाम सदमुकामबाट झापाको व्यापारिक केन्द्र विर्तामोड जोड्ने छोटो दूरीको केचना-कञ्चनजंगा सडक (मेची कोरिडोर) अन्तर्गत माइखोला बेलासेमा बेलीब्रिज जडान सम्पन्न भएको छ। इलाम गरपालिका-११ को सोयाक र माइ नगरपालिका-९ को चिसापानी जोड्ने माइखोला बेलासेमा चालु आर्थिक वर्षमा संघीय सरकारको एक करोड ११ लाख २८ हजार ९२३ को लागतमा बेलीब्रिज जडान सम्पन्न भएको हो।

सडक डिभिजन कार्यालयका प्रमुख पवन भट्टराईका अनुसार माइखोला बेलासेको बेलीब्रिज निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ। १८० फिट लम्बाइ र १४ फिट चौडाइको उक्त बेलिब्रिज निर्माणको जिम्मा बिबी-मेरिस्का-मल्लिका-साइना जेभीले पाएको थियो। भारत सरकारबाट अनुदानस्वरूप प्राप्त भएको बेलिब्रिज निर्माणका सामग्री भारतीय प्राविधिक आएर जडा गरेकाले काम सम्पन्न भएको उनले जानकारी दिए।

यहाँ रहेको पक्की पुल गत असोज १८ गतेको वर्षासँगै आएको बाढीले भाँचेपछि बेलीब्रिज जडान गरी यातायात सञ्चालन गरिएको सुचारू गरिएको प्रमुख भट्टराईले बताए। पुल भाँचिएपछि सडक डिभिजन कार्यालयले हिउँदयाममा अस्थायी डाइभर्सन निर्माण गरी यातायात सञ्चालनमा ल्याइएको हो। बेलीब्रिज जडान भएपछि ताप्लेजुङ र पाँचथरका विभिन्न क्षेत्रबाट इलामको नेपालटार-मंगलबारे हुँदै झापा र झापाबाट पाँचथर र ताप्लेजुङ फर्कन यातायात व्यवसायी र यात्रीलाई सहज भएको छ।

## कटुवा पेस्तोल र गाँजासहित एक पक्राउ

**दमक/** विराटनगर महानगरपालिका-१४ स्थित जतुवाबाट सशस्त्र प्रहरीले कटुवा पेस्तोल, गोली र गाँजासहित एक जनालाई पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हेडक्वाटर रानीबाट खटिएको टोलीले ३१ वर्षीय सुभासचन्द्र यादवलाई नियन्त्रणमा लिएको हो।

जतुवास्थित मुन्ना सहनीको घरमा भाडामा बस्दै आएका यादवको कोठामा खानतलासी गर्दा एक थान कटुवा पेस्तोल, सोही पेस्तोलमा प्रयोग हुने एक राउण्ड गोली र १४० ग्राम गाँजा बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ।

खानतलासीका क्रममा यादवको साथबाट दुई थान मोबाइल फोन र एक थान भालासमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका यादवलाई बरामद सामग्रीसहित थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय रानीमा बुझाइएको सशस्त्र प्रहरी बलले जनाएको छ।

## सवारी दुर्घटना : सात जनाको मृत्यु

**दमक/** देशका विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा सात जनाको मृत्यु भएको छ। नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार मोरङ, धनुषा, तनहुँ, कास्की र बझाङमा भएका दुर्घटनामा सात जनाले ज्यान गुमाएका हुन्।

मोरङमा बसको ठक्करबाट एक पैदलयात्री, धनुषामा दुई मोटरसाइकल एकापसमा ठोक्किँदा एक जना, तनहुँ र कास्कीमा मोटरसाइकलको ठक्करबाट दुई पैदलयात्री तथा बझाङमा जिप दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा अन्य केही व्यक्ति घाइते भएका छन्। उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। घटनामा संलग्न केही सवारी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने दुर्घटनाबारे थप अनुसन्धान भइरहेको नेपाल प्रहरीले जनाएको छ।

# फालेलुङमा बजेटको ८७ प्रतिशत खर्च

**पाँचथर/** पाँचथरको फालेलुङ गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को असार २६ गतेसम्म विनियोजित बजेटको ८७.५१ प्रतिशत खर्च गरेको छ। गाउँपालिकाले प्रेस विज्ञप्तिमार्फत खर्च विवरण सार्वजनिक गरेको हो। गाउँपालिकाको आर्थिक प्रशासन शाखाले सार्वजनिक गरेको वित्तीय प्रगति विवरण अनुसार चालुतर्फ ३९ करोड ७७ लाख ९४ हजार ५९१ रुपियाँ विनियोजन भएकोमा ३५ करोड ९७ लाख ६६ हजार ४६० रुपियाँ ३४ पैसा खर्च भएको छ। यो चालु बजेटको ९०.४४ प्रतिशत हो।

त्यसैगरी, पुँजीगततर्फ १५ करोड ६ लाख ६१ हजार १११ रुपियाँ विनियोजन भएकोमा १२ करोड १ लाख ९७ हजार ८६१ रुपियाँ खर्च भएको छ। पुँजीगत खर्च ७९.८५ प्रतिशत पुगेको गाउँपालिकाले जनाएको छ। विवरण अनुसार चालु र पुँजीगत गरी कुल ५४ करोड ८४ लाख ५५ हजार ७०१ रुपियाँ विनियोजन भएकोमा असार २६ गतेसम्म ४७ करोड ९९ लाख ६४ हजार ३२१ रुपियाँ ३४ पैसा खर्च भएको छ। यो कुल बजेटको ८७.५१ प्रतिशत हो।

बाँकी ४ पेजमा ▸▸

## डुवेर एकै परिवारका तीन जनाको मृत्यु

**दमक/** सिरहाको गोलबजार नगरपालिका-७ स्थित पुरानो चौक चोहर्वामा रहेको पशु हाटबजार परिसरको खाल्डोमा जमेको पानीमा डुबेर एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ।

प्रहरीका अनुसार मृत्यु हुनेमा अवास शेखका १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया छोरी रुबिना खातुन र ७ वर्षीया छोरा साइफुल शेख रहेका छन्।

रौतहट जिल्लाको जिगरवा स्थायी घर भएका अवास शेख करिब तीन दशकदेखि गोलबजार

बाँकी ४ पेजमा ▸▸

# मनसुन पूर्वतर्फ सक्रिय हुने

**दमक/** पश्चिममा केन्द्रित रहेको मनसुनी वर्षा आइतबारबाट पूर्वी र मध्य नेपालमा सक्रिय हुने देखिएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार आइतबार बेलुकादेखिनै नेपालको पूर्वी तटमा सक्रिय हुने भएको हो। कोशी, मधेश, बागमती र गण्डकी तथा लुम्बिनीका पूर्वी क्षेत्रकेन्द्रित वर्षाको सम्भावना छ। त्यसमा पनि कोशी, मधेश, बागमती र गण्डकीका पहाडी भूभागमा अति भारी तथा तराईका केही स्थानमा भारी वर्षा हुन सक्ने पूर्वानुमान मौसनविधले गरेका छन्।

मौसमविद् रोजन लामिछानेले लुम्बिनीका पश्चिमी भूभागसँगै कर्णाली र सुदूरपश्चिममा तुलनात्मक रूपमा कम पानी पर्ने देखिएको बताए। 'पानी त देशभर पर्छ, तर मनसुनको न्यूनचापीय रेखा पूर्वमा नेपालको तराई नजिक आउँदै छ। यसले आइतबार बेलुकाबाट पूर्वी र मध्य नेपालमा अलि बढी पानी पर्ने देखिन्छ,' उनले भने, 'मधेशमा पनि पानी पर्छ। त्यहाँका केही ठाउँमा ठुलो पानी पर्ने सम्भावना छ।'

विभागले वर्षाका कारण नदी तथा खोलामा पानीको सतह बढ्न सक्ने, बाढी, पहिरो र डुबानको जोखिम रहने

बाँकी ४ पेजमा ▸▸




*__पाँचथर/__ पाँचथरको याङवाराक गाउँपालिका र ताप्लेजुङको सिदिङ्वा गाउँपालिकाको संगमस्थलका रूपमा रहेको तिम्बुङ पोखरी देशका उत्कृष्ट एक सय गन्तव्यमध्येका एक हो। मोटरबाटो पुगेका स्थानबाट कम्तीमा दुई दिन पैदल यात्रा गरेपछि तिम्बुङ पोखरी पुग्न सकिन्छ। पूर्वी नेपालको प्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्य तिम्बुङ पोखरीमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन सुरू भएको छ। उच्च हिमाली क्षेत्रमा अवस्थित यस पोखरीको विशेषता भनेकै क्षणभरमै कुहिरोले ढाक्ने र केहीबेरमै हावाले कुहिरो हटाइदिने प्राकृतिक दृश्य हो। स्वच्छ वातावरण, एकान्त हिमाली भूदृश्य तथा चौँरी र भेडाको दुधबाट तयार गरिएका परिकारले यहाँ पुग्ने पर्यटकलाई थप आकर्षित गर्ने गर्दछ।*

*तिम्बुङ आसपास शिवपोखरी, सूर्यकुण्ड, दुधकुण्ड, हाँसपोखरी, मयूरपोखरी, नीरपोखरीलगायत १८ वटा पोखरी रहेका छन्। कुम्भकर्ण हिमालको वरिपरि*

बाँकी ४ पेजमा ▸▸


## पानी महशुल जरिवाना छुट सम्बन्धी जरुरी सूचना

उपरोक्त सम्बनधमा मिति २०८३/०३/१६ गते देखि २०८३ असार मसान्त सम्म लागु हुने गरी पानी महशुलको जरिवाना मात्र ५०% छुट दिने निर्णय भएको हुँदा छुटको लाभ सहित वक्यौता महशुल भुक्तानी गर्नुहुन सम्पूर्ण उपभोक्ता महानुभावहरुमा जानकारीको लागि मिति २०८३/०३/१५ गते सुचना प्रकाशन भएकोमा पुन: यो सूचना प्रकाशित गरिएको छ।

*नोट : छुट अवधिमा महशुल भुक्तान नगर्ने उपभोक्ताहरुको धारा मिति ०८३/०४/०१ देखि विना सूचना काटिने हुँदा जानकारीको लागि अनुरोध छ।*

**खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
दमक-१, झापा



## मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर बुझाउने बारे दमक नगरपालिकाको सूचना

**यस नगरपालिका लाई चालू आ.ब. २०८२।०८३ को असार मसान्त भित्र बुझाउनु पर्ने मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर लगायतका करहरु समयमा नै सम्बन्धित वडा कार्यालय तथा यस कार्यालयमा बुझाई जरिवाना तिर्न बाट जोगिनु हुन सम्बन्धित सवै करदाता महानुभावहरुमा दमक नगरपालिका हार्दिक अनुरोध गर्दछ ।**

**दमक नगरपालिका**
राजस्व प्रशासन शाखा

# सम्पादकीय

## किसानलाई मलको अभाव नहोस्

देशकै अन्नको भण्डार मानिने झापा, मोरङ र सुनसरीसहित कोशी प्रदेशका किसानहरु यतिबेला धान रोपाइँको मुख्य सिजनमा मल नपाएर छटपटाइरहेका छन् । खेतमा हिलो तयार छ, आकाशले पानी पनि दिइरहेको छ, तर विडम्बना– किसानको हातमा हाल्ने मल छैन । नेपाललाई 'कृषिप्रधान देश' भनिर हँदा हरेक वर्ष मुख्य बाली लगाउने सिजनमा किसानले भोग्नुपर्ने मलको हाहाकार अब नेपालको एउटा स्थायी नियतिजस्तै बनिसकेको छ । कोशी प्रदेशमा धान खेतीका लागि मात्र ७३ हजार मेट्रिक टन डीएपी मलको आवश्यकता पर्छ । तर असारको अन्तिम साता बित्न लाग्दा जम्मा ८ हजार ५३९ मेट्रिक टन मात्र आपूर्ति भएको छ, जुन कुल मागको करिब १२ प्रतिशत मात्रै हो ।

धान रोप्ने बेलैमा माटो हिल्याउँदा हाल्नुपर्ने डीएपी नपाएर किसानहरु बाध्य भई रोपेको २२ दिनपछि हाल्ने युरिया मल हालेर काम चलाउन विवश छन् । मलको अभावमा भौंतारिएका किसानहरु डिलर र सहकारीका ढोकामा घण्टौं लाइन बस्दा पनि रित्तो हात फर्किनु परिरहेको छ । यसले गर्दा मल वितरण गर्ने कार्यालयहरुमा किसानको दैनिक भीड र रोदन मात्र देखिन्छ ।

यही अभावको प्रत्यक्ष असर यस वर्षको धान रोपाइँमा देखिइसकेको छ । कृषि विभागको तथ्याङ्क अनुसार देशैभर यस सातासम्म जम्मा ३२ प्रतिशत मात्र रोपाइँ भएको छ, जबकि गत वर्ष यो समयमा ४५ प्रतिशत रोपाइँ भइसकेको थियो । झापा, मोरङ र सुनसरीमा त अवस्था अझै नाजुक छ, जहाँ जम्मा २८ प्रतिशत मात्र रोपाइँ सकिएको छ र ७२ प्रतिशत रोपाइँ बाँकी नै छ । व्यावसायिक खेती र रासायनिक मलमा बढ्दो निर्भरताका बीच समयमै मल नपाउँदा यस वर्ष धान र मकैको उत्पादनमा ठूलो ह्रास आउने निश्चित प्रायः छ, जसले समग्र मुलुकको खाद्य सुरक्षालाई नै गम्भीर संकटमा धकेल्नेछ । किसानको यो बिचल्ली र सरकारको सुस्त कार्यशैलीप्रति जननिर्वाचित प्रतिनिधिहरुले संसदमा कडा आवाज उठाउन थालेका छन् । कृषिप्रधान देशमा किसानले समयमा मल, बीउ र सिँचाइ पाउनु उनीहरुको मौलिक अधिकार मात्र होइन, राज्यको न्यूनतम दायित्व पनि हो ।

# विश्रान्ति गाउँका कथाहरू



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**बाटो छ अठारौं शताब्दीको, सवारी साधन छ उन्नाइसौं शताब्दीको, चालक छ बिसौं शताब्दीको, अनि कानून छ एककाइसौं शताब्दीको । अनि गणेश नेपालीहरू नमरे को मर्छन् त ?**

मान्छेका संवेगात्मकताहरु नाश हुँदै गरेको यमयलाई जति गाली गरे पनि कमै हुन्छ । यस्तै गालीको रमयरेखामा हामी कुदिरहेका छौं । काठमाडौ माइतीघर मण्डलामा देखिन्छन् यतिबेला गाली गर्नेहरु । दैनिक जसो हुने यस्ता आन्दोलनले तीतो अनुभूति गराइरहन्छन् । देशको कुरूप चित्र देखिन्छ त्यहाँ । किनभने गाउँहरु रित्तिएर भरिएको काठमाडौ गालीको महाभारत रचेर बाँचिरहेको छ अहिले । गाउँ छाडेर सहर पसेका 'राइ माइला' हरूका कुरूप कथा बोकेर काठमाडौ बाँचिरहेको छ । चिच्याएर बाँचिरहेको छ । निर्मला पन्तदेखि गणेश नेपालीहरूका कुरूप कथा बोकेर चिच्याइरहन्छ काठमाडौ । अनि हामी सुनिरहन्छौं । बस, यत्ति रहेछ हाम्रो काम ।

गाउँ रित्याएर सहर भीड बनाएपछि गाउँहरु रून्छन्, थाहा छ । गाउँ रित्तिन्छन् र बाँदरघारी बन्छन् । अनि संसदमा मान्छेका कुरा छाडेर सांसदहरु बाँदरका गफ गरिरहेछन् । अर्थात् मान्छेको भन्दा ठूलो मुद्धा अब बाँदरको छ । गाउँ दुम्सी र लोखर्केघारी बन्छन् । गाउँ जंगल बन्छन् । गाउँमा सडकहरु छन् दल र तिनका नेता त्यसैमा गौरव गर्छन्, तर ती गाउँमा घर पातलिँदै छन् । रित्तिदैछन् । धेरै गाउँहरूमा त घर पनि छैनन् । गाउँमा सडक छन् तर गाडी छैनन् । गाउँमा अलिक अलिक घर छन् तर सडकमा हिंडने यात्रु छैनन् । गाउँमा बारी छन्, खेत छन् तर तिनमा चुहाउने पसिना छैनन् । तिनमा टेक्ने पायताला छैनन् । अस्ति भर्खरै पाल्पा बुटवलसम्म पुग्दा पनि यही दृष्य देखियो 'मान्छे ओरालो लागेका बस्तीहरु' । ती बस्तीका मान्छे सहर पसिरहेका छन् । काठमाडौ भित्रिरहेका छन् । अनि काठमाडौले सबैलाई पाल्नु परेको छ । बचाउनु परेको छ । बाँच्न सक्ने बाठाहरु महल ठड्याउँछन् । निमखाहरु आफैलाई पेट्रोल खन्याएर आगो लगाउँछन् । तिनको सहारा एक मुठी सार पनि निखिन्छ । अनि त्यो समाचार बन्छ र पत्रकार र युटुवेहरु त्यही समाचार बेचेर बाँच्छन् काठमाडौमा । नेताहरु त्यही विषय बोलेर राजनीति गर्छन् र पेट पाल्छन् । कथित अभियान्ता भन्नेहरु माइतीघर मण्डलामा भेला हुन्छन्, त्यही गतिविधि बेचेर एनजीओ र आइएनजीओबाट पैसा असुलेर पेट पाल्छन् काठमाडौमा । अनि कथि विज्ञ र विश्लेषक भनौदाहरु मिडियामा बोलेर भ्यू बढाउँदै त्यसैले बाँच्छन् काठमाडौमा । कोही गरिव र निमुखा नहुने र ती अकाल नमर्ने हो भने यी सबको दुकान बन्द हुन्छ । त्यसैले यो देशले संधै गणेश नेपालीहरु जन्माइरहन्छ । पालिरहन्छ । हुर्काइरहन्छ ।

यही गाउँबाट सहर पसेकाहरूका कथा लेख्दै गर्दा उहिले विद्यार्थी छँदा बेलायती कवि ओलिभर गोल्डस्मिथको कविता 'द डेजर्टेड भिलेज' (बाँझो गाउँ) सम्झिएँ । उसबेला खासै छोएको थिएन यो कविताले । तर आज छोयो ।

ओलिभर गोल्डस्मिथद्वारा रचित द डेजर्टेड भिलेज (१७७०) (बाँझो गाउँ) एक उत्कृष्ट ग्रामीण–शोकगीत हो । यस कवितामा ग्रामीण सभ्यता र मानवीय जीवनमूल्यहरूको क्रमिक पतन भइरहेकोप्रति गहिरो दुःख व्यक्त गरिएको छ । ती उन्नत इतिहास, संस्कार, संस्कृति र अनुशासित जीवन प्रणालीबाट विस्तापित हुन बाध्य हुन्छन् । सामान्य किसान तथा गाउँलेहरु हुन्, जसलाई आ ̂नो जन्मभूमिबाट विस्थापित गराउने सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तनहरु नै हुन्छन् । तिनका नेताहरूले पनि हाम्राले जस्तै 'हामीले महान परिवर्तन गऱ्यौं' भने । त्यही परिवर्तनले गाउँ नग्न हुन थाल्यो । त्यही शून्यमा शून्यसरी बाँचेको गाउँको स्तम्भ खडा गर्नेहरूलाई यो कविताले कोर्ऱा हानेको छ । कविले 'अवर्न' नाम गरेको उउटा काल्पनिक गाउँलाई आधार बनाउँदै उक्त गाउँ शान्त, समुन्नत र नैतिक आदर्शले सम्पन्न ग्रामीण समाज थियो भनेर स्मृतिमय चित्रण गरेका छन् । त्यस गाउँका मानिसहरु सरल, सन्तुष्ट र परिश्रमी जीवन बिताउँथे तथा आपसी प्रेम, सहयोग र सद्भावका आधारमा समुदायलाई सुदृढ बनाउँथे । तिनका सभ्यता र संस्कृतिको आयाम अकल्पनी विशाल थियो । त्यहाँका उर्वर खेतबारी, हरियालीले भरिएका फाँटहरु, स्वतन्त्रतापूर्वक रमाइरहेका बालबालिकाहरु, आ ̂ना श्रममा सन्तुष्ट किसानहरु तथा पारस्परिक विश्वास र एकताले बाँधिएका गाउँलेहरूको जीवनले आदर्श ग्रामीण समाजको परिचय दिइरहेको थियो । गाउँका शिक्षक, पादरी तथा सरायघर केवल व्यक्ति वा भवन मात्र नभई ज्ञान, नैतिकता, करूणा, धार्मिक आस्था तथा सामाजिक एकताको जीवन्त प्रतीकका रूपमा प्रस्तुत भएका थिए । ती विशाल खजना थिए मानव सभ्यताको ।

तर क्रमशः विकास नामको भाइरससँगै त्यो रमणीय गाउँ उजाड र सुनसान बन्न थाल्यो । शक्तिशाली भूमिपतिहरूले विशाल सम्पत्ति आर्जन गर्ने लोभमा सार्वजनिक चरन तथा साझा भूमिमाथि अधिकार जमाउँदै साना किसानहरूलाई आ ̂नो पुर्ख्यौली थातथलोबाट विस्थापित गर्न थाले । किसानका झुपडीहरु र उर्वर खेतीयोग्य भूमिको स्थान विलासी उद्यान, भव्य महल तथा निजी सम्पत्तिले पोतिदिन थाल्यो । यसरी धन, विलासिता र निजी स्वार्थको विस्तारले परम्परागत ग्रामीण अर्थव्यवस्थालाई ध्वस्त पार्दै समाजमा आर्थिक तथा सामाजिक असमानतालाई झन् गहिरो बनाउन थाल्यो ।

गोल्डस्मिथको विचारमा विलासिता, भौतिक सम्पन्नता र व्यापारिक लाभको अन्धो होडले समाजका नैतिक मूल्यहरूलाई क्रमशः क्षीण हुँदै गएका छन् । भूमि र कृषिमा आश्रित जनसमुदाय जीविकोपार्जनका लागि भीडभाडयुक्त सहरहरु वा टाढा रहेका उपनिवेशहरूमा पलायन गर्न बाध्य हुन थाले । तर त्यहाँ उनीहरूले अपेक्षित सुख र समृद्धि प्राप्त गर्न सक्दैनन् । बरू गरिबी, शोषण, असुरक्षा र कष्टपूर्ण जीवन भोग्न विवश हुन्छन् । कविले यस्ता विस्थापित गाउँलेहरूप्रति गहिरो सहानुभूति व्यक्त गर्दै उनीहरूको पीडा, समुदायको विघटन तथा मानवीय गरिमाको ह्रासप्रति मार्मिक शोक प्रकट गरेका छन् । यस कवितामा ।

यस कवितामा ग्रामीण समाजका संस्थागत संरचनाहरूको सर्वोपरिलाई पनि विशेष रूपमा रेखाङ्कित गरिएको छ । गाउँका शिक्षक शिक्षा, विवेक र बौद्धिक चेतनाका प्रतीक हुन् । पादरी करूणा, नैतिक आदर्श तथा आध्यात्मिक मार्गदर्शनका प्रतिनिधि हुन् र गाउँको सराय सामाजिक सम्पर्क, विचार आदानप्रदान तथा सामुदायिक जीवनको केन्द्र हो । यी संस्थाहरूको लोप हुनु भनेको केवल भौतिक संरचनाको अन्त्य मात्र होइन, समाजलाई एकताबद्ध बनाउने सांस्कृतिक र नैतिक आधारहरूको समेत पतन हो ।

कविताको अन्त्यतिर गोल्डस्मिथले राष्ट्रलाई गम्भीर चेतावनीपनि दिन्छन् । यदि कुनै राष्ट्रले सीमित धनी वर्गको विलासिताका लागि आम जनताको सुख, सुरक्षा र सम्मानलाई उपेक्षा गर्छ भने त्यस्तो राष्ट्र दीर्घकालीन रूपमा समृद्ध हुन सक्दैन, बरु मतिभ्रष्ट बन्दै जान्छ । उनका अनुसार राष्ट्रको वास्तविक महानता धन, वैभव वा राजनीतिक शक्तिमा नभई न्याय, करूणा, समानता तथा साधारण नागरिकहरूको सुख–समृद्धिमा निहित हुन्छ । यद्यपि अवर्न गाउँ भौतिक रूपमा लोप भइसकेको छ, त्यसले प्रतिनिधित्व गरेका इमानदारी, सरलता, परोपकार, नैतिकता र सामुदायिक सहकार्यजस्ता मानवीय आदर्शहरु सदैव समाजका मार्गदर्शक सिद्धान्तका रूपमा जीवित रहनुपर्छ भन्ने कविको दृढ विश्वास रहेको छ ।

समग्रमा यो कविताले केवल हराउँदै गएको ग्रामीण जीवनप्रतिको भावुक स्मृतिगान मात्र गाउँदैन; यो अठारौं शताब्दीको बेलायती समाजको सामाजिक तथा आर्थिक रूपान्तरणमाथिको सशक्त आलोचनात्मक काव्य पनि हो । यस कविताले सामाजिक असमानता, भूमिसद्रेन्द्रण, अत्यधिक विलासिता तथा सामान्य जनतालाई विस्थापित गर्ने आर्थिक नीतिहरूको तीव्र विरोध गर्दै न्याय, नैतिकता, सामुदायिक एकता तथा मानवीय गरिमाको अपरिहार्य महत्त्वलाई प्रभावशाली ढङ्गले स्थापित गर्दछ । यही कारणले यो कविता आज पनि सामाजिक न्याय, मानवीय संवेदना र ग्रामीण सभ्यताको संरक्षणसम्बन्धी दस्तावेज नै बनेको छ । यस बवितामाथिको विमर्श उत्तिकै सान्दर्भिक र प्रेरणादायी छ । यो गाउँका कथाहरूको वियागान्तक गीत त हो, त्यो भन्दा बढी यो राज्य आदर्श बनाउने सूत्रसहितको सामाजिक तथा राजनीतिक दस्तावेज पनि हो । अर्को गणेश नेपाली नजन्मियोस भननलाई पनि हो । बाटो छ अठारौं शताब्दीको, सवारी साधन छ उन्नाइसौं शताब्दीको, चालक छ बिसौं शताब्दीको, अनि कानून छ एककाइसौं शताब्दीको । अनि गणेश नेपालीहरु नमरे को मर्छन् त ?

यो समय गाउँका विश्रान्ति कथाहरूले भरिएको समय रहेछ । अर्वन गाउँको कथा रहेछ । त्यो अर्वन गाउँ मेरै देश हो । दमक, झापा ।

## कमलमा शिक्षक, कर्मचारी तथा सेवानिवृत्त शिक्षकहरु सम्मानित



**कमल/** कमल गाउँपालिकाले शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि, उत्कृष्ट कार्यसम्पादन पुऱ्याउने शिक्षक, कर्मचारी तथा सेवानिवृत्त शिक्षकहरूलाई सम्मान गरेको छ । गाउँपालिकाको शिक्षा शाखाले चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बुधबार एक कार्यक्रम गरि सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षक, कर्मचारी तथा लामो समयसम्म शिक्षा क्षेत्रमा योगदान पुऱ्याई सेवानिवृत्त भएका शिक्षकहरूलाई सामूहिक रूपमा सम्मान गरिएको शिक्षा शाखा प्रमुख सुर्यप्रसाद न्यौपानेले बताए ।

यसैगरी, २०८२ सालको एसईई र कक्षा १२ को परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने कमल २ स्थित महेन्द्र रत्न माध्यमिक विद्यालयलाई नगद ३० हजार रूपैयाद्वारा पुरस्कृत गरिएको थियो । उनीहरूलाई गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले दोसल्ला तथा सम्मानपत्रसहित सम्मान प्रदान गरे ।

कार्यक्रममा उत्कृष्ट कार्यसम्पादन गरेका शिक्षक विजयकुमार अधिकारी, ओमप्रकाश गौतमसहित शिक्षकहरू, कर्मचारीहरूलाई दोसल्ला ओढाएर सम्मानपत्र र नगद पुरस्कार प्रदान गरिएको थियो।

सम्मान प्रदान गर्दे अध्यक्ष राईले गाउँपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै विद्यालयको भौतिक पूर्वाधार विकास, प्रविधिमैत्री शिक्षण, शिक्षक क्षमता अभिवृद्धि, विद्यार्थीमैत्री वातावरण निर्माण तथा शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको र आगामी दिनमा पनि शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्दै गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्न गाउँपालिका प्रतिबद्ध रहने जोड दिए ।

# नेपालमा गाँजा: प्रतिबन्ध कि वैज्ञानिक व्यवस्थापन

प्रचिन विष्ट

*नेपालमा गाँजाको इतिहास नयाँ होइन । १९७० को दशकसम्म नेपाल विश्वका केही मुलुकमध्ये एक थियो, जहाँ गाँजाको व्यापार खुला रूपमा सञ्चालन हुन्थ्यो । काठमाडौंको प्रसिद्ध 'फ्रिक स्ट्रिट' विदेशी पर्यटक र गाँजा संस्कृतिका कारण विश्वभर परिचित थियो । तर सन् १९७३ मा लागू भएको लागूऔषध (नियन्त्रण) ऐनपछि गाँजा खेती, उत्पादन, बिक्री–वितरण र सेवनलाई कानुनी रूपमा प्रतिबन्ध लगाइयो । त्यसयता पाँच दशक बितिसक्दा पनि गाँजा नेपालका पहाडी र हिमाली जिल्लामा उत्पादन भइरहेकै छ, तर कानुनले यसलाई भूमिगत बनाएको छ । यसको प्रत्यक्ष परिणाम तस्करी, अवैध कारोबार, राज्यको राजस्व गुम्नु र हजारौं नागरिक अपराधीकरण हुनु हो ।*

*नेपाल प्रहरीले सार्वजनिक गर्ने तथ्यांकले प्रत्येक वर्ष लागूऔषधसम्बन्धी हजारौं मुद्दा दर्ता हुने देखाउँछ । तीमध्ये उल्लेख्य हिस्सा गाँजासँग सम्बन्धित छन् । प्रहरीको नियन्त्रणमा ठूलो परिमाणमा गाँजा बरामद हुने, सयौं व्यक्ति पक्राउ पर्ने र अदालतबाट कैद तथा जरिवाना हुने क्रम निरन्तर छ । गाँजा उत्पादन पूर्ण रूपमा रोकिएको छैन, बरू अवैध बजारमा यसको कारोबार अझ व्यवस्थित बन्दै गएको छ । अर्थात् प्रतिबन्धले उत्पादन अन्त्य गर्न सकेको छैन, केवल राज्यको नियन्त्रणभन्दा बाहिर धकेलेको छ ।*

*नेपालका रोल्पा, रूकुम, सल्यान, जाजरकोट, दैलेख, डडेल्धुरा, बझाङ, बाजुरा, धादिङ, मकवानपुर, सिन्धुपाल्चोक, संखुवासभा, भोजपुर, इलामलगायत जिल्लामा परम्परागत रूपमा गाँजा उत्पादन हुने गरेको छ । कतिपय स्थानमा यो प्राकृतिक रूपमा उम्रिन्छ भने कतिपय क्षेत्रमा किसानले लुकीछिपी खेती गरिरहेका छन् । यसले देखाउँछ कि नेपालसँग यस बालीका लागि अनुकूल हावापानी, भूगोल र परम्परागत ज्ञान दुवै उपलब्ध छन् । तर सरकारसँग यसको व्यवस्थापन गर्ने स्पष्ट नीति छैन ।*

*विश्वको अभ्यास हेर्ने हो भने अवस्था निकै बदलिएको छ । संयुक्त राष्ट्रसंघको लागुऔषधसम्बन्धी आयोग सी एण्ड डीले सन् २०२० मा चिकित्सकीय उपयोगलाई स्वीकार गर्दै गाँजालाई सबैभन्दा कडा नियन्त्रणको सूचीबाट हटाएको थियो । आज क्यानडा, उरूग्वे, जर्मनी, माल्टा, लक्जेम्बर्ग, थाइल्यान्ड (केही संशोधनसहित), अमेरिकाका धेरै राज्य तथा अन्य देशहरूले गाँजाको औषधीय वा नियन्त्रित व्यावसायिक प्रयोगलाई कानुनी मान्यता दिएका छन् । अन्तर्राष्ट्रिय बजार अनुसन्धान संस्थाहरूका अनुसार विश्वव्यापी कानुनी क्यानाबिस उद्योगको आकार अहिले दर्जनौं अर्ब अमेरिकी डलर पुगेको छ र आगामी दशकमा अझ तीव्र रूपमा विस्तार हुने अनुमान गरिएको छ ।*

*नेपालमा पनि यस विषयमा बहस नयाँ होइन । प्रतिनिधिसभा र राष्ट्रियसभामा पटक–पटक गाँजालाई औषधीय तथा औद्योगिक प्रयोजनका लागि वैधानिक बनाउने विषय उठेको छ । पछिल्लोपटक नेपाली कांग्रेसकी राष्ट्रियसभा सदस्य विष्णुकुमारी सापकोटाले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमाथिको छलफलका क्रममा पुनः यो विषय उठाएकी छन् । उनले विगत तीन वर्षदेखि निरन्तर गाँजा खेतीलाई कानुनी मान्यता दिनुपर्ने आवाज उठाउँदै आएकी छन् । उनका अनुसार गाँजालाई केवल लागूऔषधका रूपमा हेर्नुभन्दा औषधि, कपडा, तेल, सौन्दर्य सामग्री र औद्योगिक कच्चा पदार्थका रूपमा पनि मूल्यांकन गर्नुपर्छ । यसबाट हजारौं युवालाई रोजगारी सिर्जना गर्न सकिने उनको तर्क छ ।*

*वास्तवमा गाँजाबाट उत्पादन हुने हेम्प फाइबर विश्वकै बलिया प्राकृतिक रेसामध्ये एक मानिन्छ । यसबाट कपडा, डोरी, कागज, जैविक प्लास्टिक, निर्माण सामग्री र विभिन्न औद्योगिक वस्तु उत्पादन गर्न सकिन्छ । यसको बीउबाट पौष्टिक तेल तथा खाद्य पदार्थ उत्पादन हुन्छ भने औषधीय प्रयोजनका लागि प्रयोग हुने क्यानाबिडियोल (ऋद्यम्) जस्ता तत्वको अन्तर्राष्ट्रिय माग निरन्तर बढिरहेको छ । यदि नेपालले वैज्ञानिक अनुसन्धान, गुणस्तर परीक्षण र कडा नियमनसहित यस क्षेत्रलाई विकास गर्न सके कृषिमा आधारित नयाँ उद्योग स्थापना हुने सम्भावना बलियो छ ।*

*तर यसको अर्थ गाँजालाई पूर्ण रूपमा खुला छाड्नुपर्छ भन्ने होइन । वैधानिकीकरण र नियन्त्रण सँगसँगै जानुपर्छ । उमेरको सीमा, इजाजतपत्र प्रणाली, उत्पादन कोटा, ट्र्याकिङ प्रणाली, औषधीय र औद्योगिक प्रयोजनको स्पष्ट वर्गीकरण तथा कडा अनुगमनबिना खुलापन जोखिमपूर्ण हुन सक्छ । सार्वजनिक स्वास्थ्य, युवापुस्ताको संरक्षण र दुरूपयोग नियन्त्रणलाई प्राथमिकतामा राख्दै कानुन निर्माण गर्नुपर्छ ।*

*अर्कोतर्फ, अहिलेको प्रतिबन्धात्मक नीतिको पनि समीक्षा आवश्यक छ । एउटा किसानले परम्परागत रूपमा गाँजा खेती गरेकै आधारमा वर्षौं जेल बस्नुपर्ने, परिवार आर्थिक रूपमा तहसनहस हुने र राज्यले त्यसबाट कुनै राजस्व नपाउने अवस्था दीर्घकालीन समाधान हुन सक्दैन । अवैध तस्करले लाभ लिइरहने तर किसान र सर्वसाधारण सजायको भागीदार बन्ने प्रणाली न्यायपूर्ण पनि देखिँदैन ।*

*नेपाल अहिले कृषि आधुनिकीकरण, रोजगारी सिर्जना र निर्यात प्रवर्द्धनको नयाँ विकल्प खोजिरहेको छ । यही सन्दर्भमा गाँजाको विषयलाई भावनात्मक वा राजनीतिक बहसभन्दा माथि उठाएर वैज्ञानिक अध्ययन, अन्तर्राष्ट्रिय अभ्यास र नेपालको आवश्यकता अनुसार मूल्यांकन गर्नुपर्ने समय आएको छ । प्रतिबन्धले पाँच दशकमा समस्या समाधान गर्न सकेको छैन भने अब नियमनसहितको वैधानिकीकरण, अनुसन्धान र औद्योगिकीकरणको बाटोबारे गम्भीर छलफल आवश्यक छ ।*

*गाँजालाई केवल अपराधको दृष्टिले होइन, अवसर र जोखिम दुवै भएको बालीका रूपमा हेरेर सन्तुलित कानुन निर्माण गर्न सकियो भने नेपालले एकातिर अवैध कारोबार नियन्त्रण गर्न सक्छ भने अर्कोतर्फ कृषि, उद्योग, निर्यात, रोजगारी र राजस्वमा नयाँ सम्भावनाको ढोका पनि खोल्न सक्छ । अब प्रश्न गाँजा राख्ने वा हटाउने होइन, यसलाई कसरी जिम्मेवार, वैज्ञानिक र कानुनी व्यवस्थापन गर्ने भन्ने हो ।*

# नहरमा पानीको बहाव घट्दा उत्पादन प्रभावित



**सुनसरी/** सुनसरी मोरङ सिँचाइ आयोजनाको मुख्य नहरबाट आउने पानी टर्बाइनमा खसालेर विद्युत् उत्पादन गरिँदै आएको छ । चतरा जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् ३३ केभी प्रसारण लाइनमार्फत धरान सबस्टेसनमा जोडिएको चतरा जलविद्युत् केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख अनिल साहका अनुसार मङ्सिर र वैशाख महिनामा नहरमा पानीको बहाव घट्ने भएकाले उत्पादन प्रभावित हुने गरेको छ ।

सुनसरीको वराहक्षेत्रस्थित चतरा जलविद्युत् केन्द्रमा जडान गरिएका दुई युनिटमध्ये एउटा उत्पादन युनिट लामो समयदेखि बिग्रेर बन्द हुँदा विद्युत् उत्पादन आधा घटेको छ ।

३.२ मेगावाट क्षमता रहेको केन्द्रबाट हाल करिब १.६ मेगावाट मात्रै विद्युत् उत्पादन भइरहेको चतरा जलविद्युत् केन्द्रका प्रमुख अनिल साहले बताए । एक हजार ६२७ किलोवाट क्षमताका दुई युनिटमध्ये एउटा युनिट बिग्रेर सञ्चालनमा नरहेकाले पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सकेको छैन ।

जलविद्युत् केन्द्रमा यान्त्रिक समस्या देखिएपछि केहि वर्षअगाडि दुवै युनिट बन्द भई करिब सात वर्षसम्म उत्पादन ठप्प थियो । जर्मन कम्पनी एन्ड्रिज हाइड्रोबाट आवश्यक उपकरण ल्याएर युनिट मर्मत गरी सञ्चालनमा ल्याइएपछि उत्पादन पुनः सुरू भएको थियो तर पहिलो युनिटको गभर्नर बिग्रिएपछि लामो समयदेखि एउटा युनिटबाट मात्र विद्युत् उत्पादन हुँदै आएको छ । जलविद्युत् केन्द्रमा बन्ध रहेको युनिट मर्मत गरेर सञ्चालनमा ल्याउन सके ३.२ मेगावाट नै विद्युत् उत्पादन हुने बताइएको छ ।

चतरा जलविद्युत् केन्द्रको इतिहास सिँचाइ आयोजनासँग जोडिएको छ । नेपाल र भारत सरकारबिच सन् १९५४ मा भएको कोशी सम्झौता अनुसार सुनसरी र मोरङका करिब ६८ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले आयोजना निर्माण गरिएको थियो ।

कोशी नदीको पूर्वी किनार चतराबाट ५३ किलोमिटर लामो मुख्य नहर र शाखा नहर निर्माण गरी सिँचाइ सुविधा पुर्‍याइएको छ । सप्तकोशी नदीबाट नहरमा बगेर आउने अत्यधिक बालुवा हटाउन प्रयोग हुने ड्रेजर मेसिन सञ्चालनका लागि आवश्यक विद्युत् आपूर्ति गर्न नहर क्षेत्रमा नै जलविद्युत् केन्द्र स्थापना गरिएको थियो ।

चतराका स्थानीय युवराज भट्टराईले चतरा जलविद्युत् केन्द्र चतरा क्षेत्रको पहिचान र गौरवसँग जोडिएको आयोजना भएकाले यसको पूर्ण क्षमतामा सञ्चालन हुनुपर्ने बताए । दुवै युनिट सञ्चालनमा आएर केन्द्रले पुन ३.२ मेगावाट विद्युत् उत्पादन गर्न सके यसले राष्ट्रिय विद्युत् प्रणालीसँगै चतरा क्षेत्रको पहिचानलाई पनि थप मजबुत बनाउने छ ।

# मंगलवारेमा 'नोभा फिटनेस एण्ड जुम्बा सेन्टर' सञ्चालनमा



**दमक/** जिल्लाको कमल गाउँपालिका ५ मंगलवारे वजारमा शनिवारदेखि अत्याधुनिक सेवा सुविधा सहितको 'नोभा फिटनेस एण्ड जुम्बा सेन्टर' सञ्चालनमा आएको छ ।

स्थानीय दुई दर्जन बढी युवा व्यवसायीहरूको संयुक्त साझेदारीमा सञ्चालनमा ल्याइएको सो जिम सेन्टरको पालिका अध्यक्ष हुकुमसिंह राईले उद्घाटन गरे । स्थानीय युवा,युवतीहरूलाई गाउँघरमै अत्याधुनिक सेवा पुरयाँउन उद्देश्यले पालिकामै पहिलोपटक यस किसिमको जिम सेन्टर सञ्चालनमा ल्याईएको जिम सेन्टरका अध्यक्ष भानुभक्त न्यौपानेले बताए ।

जिम हाउसको उद्घाटनका क्रममा अध्यक्ष राईसहितका वक्ताहरूले स्वस्थ्य शरीरका लागि दैनिक शारीरिक व्यायम आवश्यक भएकाले यस्ता जिम हाउस उपयोगी हुने जोड दिए । उनीहरूले यस क्षेत्रमा खोलिएको जिम सेन्टरबाट फिटनेस तथा जुम्बाको सेवाबाट लाभग्राहीहरूले भरपूर सेवा पाउने उल्लेख गरे ।

उद्घाटन कार्यक्रममा पालिकाउपाध्यक्ष प्रमिला न्यौपाने तवारी, दमक ६ का वडाध्यक्ष नरेन्द्र भट्टराई, धर्मश्री महेश्वर महर्जन, टंकप्रसाद पराजुली लगायतले स्वस्थ्य शरीरका लागि जिम सेन्टरको महत्व रहने बताएका थिए ।

जिम सेन्टरका सञ्चालक रिजु कार्कीका अनुसार जिम सेन्टर सञ्चालनका अवसरमा सेवाग्राहीहरूका लागि विभिन्न आकर्षक अफरहरु ल्याईएको छ । जसअन्तर्गत नयाँ भर्ना शुल्क पूर्ण रुपमा नि:शुल्क गरिएको छ भने १ वर्षे प्याकेज लिने सेवाग्राहीलाई १० प्रतिशत सम्म विशेष छुटको व्यवस्था गरिएको छ । युवा उद्यमी कार्कीसहित स्थानीय २५ जना युवाहरूको करिव ७० लाख रूपैयाको लगानीमा उक्त जिम सेन्टर सञ्चालनमा ल्याइएको हो ।

## स्वास्थ्य

# चिनीलाई कमिलाबाट कसरी जोगाउने ?



**दमक/** वर्षायामले आफूसँगै शीतलता र हरियाली त ल्याउँछ, तर घरको भान्सामा कैयौं समस्याहरू पनि बढाइदिन्छ । यिनैमध्ये एउटा हो, चिनीको भाँडोमा कमिला पस्नु । ओसिलोपना बढ्ने भएकाले कमिलाहरू गुलिया खानेकुराप्रति छिट्टै आकर्षित हुन्छन् अनि हेर्दाहेर्दै चिनीको पूरै बट्टा उनीहरूको चपेटामा पर्छ । यदि तपाईंको घरमा पनि यो समस्या बारम्बार भइरहेको छ भने, महँगा रसायन प्रयोग गरिरहनु पर्दैन ।

केही सजिला घरेलु उपाय अपनाएर तपाईं यो समस्याबाट छुटकारा पाउन सक्नुहुन्छ । आउनुहोस्, चिनीको बट्टाबाट कमिला भगाउन के कस्ता उपाय गर्न सकिन्छ, जानौं :

तेजपत्ता र दालचिनीले गर्नेछ कमाल

कमिलालाई तेजपत्ताको कडा बास्ना मन पर्दैन । चिनीको बट्टामा २ देखि ३ वटा सफा र सुक्खा तेजपत्ता राख्नुहोस्, यसको बास्नाले कमिला टाढा रहन्छन् ।

**ल्वाङ र सुकुमेल :**

ल्वाङ र सुकुमेलको कडा बास्नाले पनि कमिलालाई टाढा राख्न मद्दत गर्छ। चिनीको बट्टा वरिपरि वा बिर्कोभित्र २ देखि ३ वटा ल्वाङ राख्न सक्नुहुन्छ । यसले गर्दा कमिलाहरू बट्टाको नजिक आउनबाट जोगिन्छन् ।

**हावा नछिर्ने बट्टाको प्रयोग गर्नुहोस्**

चिनीलाई सधैं राम्रो गुणस्तरको हावा नछिर्ने बट्टामा राख्नुहोस्। यदि बिर्को राम्ररी बन्द हुँदैन भने, कमिलाहरू सजिलै भित्र पस्न सक्छन्। प्रयोग गरेपछि बट्टालाई तुरुन्तै बन्द गर्न नबिर्सनुहोस् ।

**भिनेगरले सफा गर्नुहोस्**

जहाँ कमिला बारम्बार देखिन्छन्, त्यहाँ सेतो भिनेगर र पानीलाई बराबर मात्रामा मिसाएर सफा गर्नुहोस् । यसबाट कमिलाको गन्ध आउने बाटो हट्छ । त्यही गन्धको सहारामा अन्य कमिलाहरू पनि सोही बाटो हुँदै आउने गर्छन् ।

**कपुर हुनेछ फाइदाजनक**

चिनीको बट्टा यदि पूर्ण रूपमा कमिलाले भरिएको छ भने कपुरले यसमा तपाईंलाई मद्दत गर्न सक्छ । तुरुन्तै पसलबाट भीमसेन कपुर किनेर ल्याउनुहोस् र बट्टामा राखिदिनुहोस् ।

**भान्सा सफा-सुग्घर राख्नुहोस्**

हरेक दिन भान्साको स्ल्याब, ऱ्याक र भुइँ सफा गर्नुहोस् । चिनी वा गुलिया खानेकुराका साना-साना कणले पनि कमिलालाई आकर्षित गर्न सक्छन् । त्यसैले सरसफाइमा विशेष ध्यान दिनुहोस् ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित

नयाँ झापाली इटा बजारमा

झापाली इटा

ठूलो साइजको ईटा उपलब्ध छ ।

सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

रबर स्ट्याम्प बनाउने ठाउँ

बिजि स्टेशनरी एण्ड छापाखाना

दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६


## विश्वपक चर्चा

# इङ्ल्याण्ड र अर्जेन्टिना सेमिफाइनलमा भिड्ने



**दमक/** मिडफिल्डर जुड बेलिङ्गमको दुई गोल र लाउटारो मार्टिनेजको अतिरिक्त समयको निर्णायक गोलको मद्दतले इङ्ल्याण्ड र साविक विजेता अर्जेन्टिना फिफा विश्वकप २०२६ को सेमिफाइनलमा प्रवेश गरेका छन् । अब यी दुई टोली जुलाई १५ मा अमेरिकाको अटलान्टा स्टेडियममा फाइनल प्रवेशका लागि आमनेसामने हुनेछन् ।

मियामी स्टेडियममा भएको पहिलो क्वाटरफाइनलमा इङ्गल्याण्डले नर्वेलाई अतिरिक्त समयमा २–१ ले पराजित गर्दै अन्तिम चारमा स्थान सुरक्षित गर्यो ।

खेलको ३६औं मिनेटमा एर्लिङ हालान्डको प्रहारलाई गोलकिपर जोर्डन पिकफोर्डले रोके पनि रिबाउन्डमा एन्ड्रियास श्जेल्डेरूपले गोल गर्दै नर्वेलाई अग्रता दिलाएका थिए । पहिलो हाफको इन्जुरी समयमा जुड बेलिङ्गमले उत्कृष्ट व्यक्तिगत प्रयासमा गोल गर्दै खेल १–१ को बराबरीमा ल्याए । त्यसपछि हयारी केनको गोल भिडियो असिस्टेन्ट रेफ्री (भर) ले अफसाइड ठहर गरेपछि इङ्गल्याण्ड अग्रता लिनबाट वञ्चित भयो ।

दोस्रो हाफमा नर्वेका टोर्बजोर्न हेग्गेमको गोल पनि हालान्डले इलियट एन्डरसनमाथि फउल गरेको भन्दै भरले रद्द गरिदियो । निर्धारित ९० मिनेट १–१ को बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा पुगेको थियो ।

अतिरिक्त समयको ९३औं मिनेटमा मोर्गन रोजर्सको प्रहारलाई नर्वेका गोलकिपर ओर्यान न्यल्यान्डले नियन्त्रणमा लिन नसक्दा आएको रिबाउन्डमा बेलि&मले सहज गोल गर्दै इङ्गल्याण्डलाई २–१ को जित दिलाए ।

बेलिंगम र कप्तान हयारी केनले यस विश्वकपमा समान ६–६ गोल गरेका छन् । उनीहरू एउटै विश्वकप संस्करणमा पाँच वा सोभन्दा बढी गोल गर्ने दुई इङ्ल्याण्डका खेलाडी बनेका छन् । गोलकिपर जोर्डन पिकफोर्डले विश्वकपमा आफ्नो १८औं खेल खेल्दै पिटर शिल्टनको कीर्तिमान तोडेका छन् । दुई गोल गरेका बेलिंगम 'प्लेयर अफ द म्याच' घोषित भए ।

यता, अर्को क्वाटरफाइनलमा साविक विजेता अर्जेन्टिनाले १० खेलाडीमा सीमित स्वीट्जरल्याण्डलाई अतिरिक्त समयमा ३–१ ले हराउँदै सेमिफाइनल यात्रा तय गर्यो ।

अर्जेन्टिनाले खेलको १०औं मिनेटमै अलेक्सिस म्याक एलिस्टरको गोलबाट अग्रता लिएको थियो । तर ६७औं मिनेटमा ड्यान एनडोएले गोल गर्दै स्वीट्जरल्याण्डलाई १–१ को बराबरीमा फर्काए । ७२औं मिनेटमा ब्रेल एम्बोलो रातो कार्ड खाँदै बाहिरिएपछि स्वीट्जरल्याण्ड १० खेलाडीमा सीमित भयो ।

निर्धारित समय बराबरीमा सकिएपछि अतिरिक्त समयमा अर्जेन्टिनाले आफ्नो अनुभव देखायो । ११२औं मिनेटमा जुलियन अल्भारेजले गोल गर्दै टोलीलाई २–१ को अग्रता दिलाए । त्यसपछि खेलको अन्तिम क्षण अर्थात् १२०+१ औं मिनेटमा लाउटारो मार्टिनेजले गोल गर्दै अर्जेन्टिनाको ३–१ को रोमाञ्चक जित सुनिश्चित गरे ।

## मनोरञ्जन

# मदनकृष्णदेखि सृष्टिसम्मको अभिनय

**दमक/** भदौ २६ गतेबाट प्रदर्शनमा आउने फिल्म हो 'माया भनेकै यस्तो होला' । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिटले मुख्य कलाकार सबै समेटिएको पोस्टर सार्वजनिक गरेको छ । पोस्टरमा फिल्मका दिल श्रेष्ठ हल्दी डे मनाइरहेका छन् भने त्यसमा मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, सृष्टि श्रेष्ठ, नीति शाह, नम्रता श्रेष्ठ समेत अटाएका छन् ।

विवाहपूर्व मनाइने यो हल्दी डेमा उपस्थिति सबै प्रफुल्ल मुद्रामा छन् । हल्दी डे का लागि सजाइएको झकिझकाउ स्पेस र उपस्थितहरूको पहिरनले खानदानी परिवारको छोराको बिहे भइरहेको प्रस्ट पारेको छ ।

नम्रताको हातमा बधाईका लागि हुनेवाला दुलाहालाई दिन ल्याएको बुके छ । मदनकृष्ण भने ह्विलचेयरमा छन् । यसले उनी शारीरिक रूपमा अशक्त रहेको देखाउँछ ।

पूर्ण पारिवारिक यो पोस्टरले सिनेमा फेमेली ड्रामा रहेको बताएको छ । फिल्म अभिनेत्री रेखा थापाले निर्देशन गरेकी हुन् । रेखाको ८ वर्षपछि निर्देशन कमब्याक भएको हो ।

उनले यसअघि 'हिम्मतवाली' र 'मालिका' जस्ता फिल्म निर्देशन गरिसकेकी छन् । 'दिया एन्ड अमु फिल्मस्' को ब्यानरमा निर्माण भएको फिल्ममा मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठ, मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको मुख्य भूमिका छ ।

विशेष भूमिकामा पूर्वमिस नेपाल उषा खड्गीको पनि अभिनय छ । लक्ष्मी गिरी, विशाल पहाडी, संगम भण्डारी, रवि डंगोल, सुनिता श्रेष्ठ र विनोद पौडेल लगायतको अभिनय छ । फिल्ममा ध्रुव लम्सालको पटकथा लेखन रहेको छ ।

'दिया एन्ड अमु फिल्मस्' को ब्यानरमा निर्माण भएको चलचित्रमा हरिनारायण श्रेष्ठ, मायादेवी श्रेष्ठ, नवराज श्रेष्ठ, जस्मिन श्रेष्ठ र प्रकाश श्रेष्ठ निर्माता छन् ।

## दैनिक राशिफल

आज मिति २०८३ साल असार सोमबार 13 July 2026 तिथि: चतुर्दशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | भाग्यको उदय । धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | यात्रामा दु:ख । खर्चमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यसिद्धि । पढाइमा रुचि । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीले काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# रामधुनीबाट उत्पादित बिरूवाले बजार लिँदै



**धरान /** सबडिभिजन वन कार्यालय रामधुनीका वन सहायक काजी आचार्यका अनुसार नर्सरीमा खयर, ज्याकाराण्डा, बेल, सिसौ, अमला, अर्जुन, कागती, तेजपत्ता, अम्बकलगायत विभिन्न प्रजातिका बिरूवा उत्पादन गरिन्छ । केही बिरूवा चालु वर्ष उत्पादन गरिएका हुन् भने बहुवर्षीय प्रजातिका बिरूवालाई अघिल्ला वर्षदेखि संरक्षण गर्दै हुर्काइँदै आएको उनले बताए ।

सुनसरीको रामधुनी सबडिभिजन वन कार्यालयले प्रत्येक वर्ष ३५ हजारभन्दा बढी वनजन्य, नगदे तथा बहुवर्षीय प्रजातिका बिरूवा उत्पादन गरी सर्वसाधारण, सामुदायिक वन उपभोक्ता समूह तथा विभिन्न संस्थालाई निःशुल्क वितरण गर्दै आएको छ । विसं २०७९ देखि सञ्चालनमा आएको नर्सरीबाट उत्पादित बिरूवाको माग वर्षेनि बढ्दै गएको कार्यालयले जनाएको छ ।

***आत्मदाहका.....***

मा यो संख्या बढेर १९,७३० पुगेको थियो । आर्थिक वर्ष २०८१/८२ मा मात्र १८,९२६ साइबर अपराध दर्ता भएका छन् । अब अपराध केवल सडकमा हुने चोरी वा डकैतीमा सीमित छैन; मोबाइलको स्क्रिनभित्रै ठगी, ब्ल्याकमेल र वित्तीय अपराध भइरहेको छ ।

त्यत्तिकै गम्भीर छ मानसिक स्वास्थ्यको अवस्था । आर्थिक वर्ष २०८०/८१ मा नेपालमा ७,२२३ जनाले आत्महत्या गरे । अर्थात् दैनिक औसत २० जना । दक्षिण एसियामै उच्च आत्महत्या दर भएका मुलुकमध्ये नेपाल पर्नु चिन्ताजनक हो । पछिल्ला आत्मदाहका घटनाले देखाउँछन्, धेरै मानिस समस्या भन्दा बढी एक्लोपन र निराशासँग लडिरहेका छन् ।

पारिवारिक सम्बन्ध पनि फेरिएका छन् । सरकारी तथ्याङ्कअनुसार अहिले वार्षिक करिब २४ हजार सम्बन्धविच्छेदका मुद्दा दर्ता हुन्छन् । प्रति १०० विवाहमा ९.५८ सम्बन्धविच्छेद हुनु दशकअघि कल्पनासमेत गर्न कठिन थियो । संयुक्त परिवारको स्थान एकल परिवारले लियो । पुस्ताबीचको संवाद कमजोर भयो । हजुरबुवा-हजुरआमाले सुनाउने कथा र जीवनका अनुभवहरू मोबाइलको स्क्रिनले विस्थापित गरिदियो ।

नेपालको कुल जनसंख्याको करिब ४२.५ प्रतिशत अर्थात् १ करोड २४ लाख युवा १६ देखि ४० वर्ष उमेर समूहका छन् । यही पुस्ता देशको शक्ति हो । तर यही पुस्ताको ठूलो हिस्सा बेरोजगारी, पलायन, मानसिक तनाव, डिजिटल लत र भविष्यप्रतिको अनिश्चितताले ग्रस्त देखिन्छ । सामाजिक सञ्जालमा सक्रिय भए पनि समुदायमा उनीहरूको प्रत्यक्ष सहभागिता कमजोर बन्दै गएको छ ।

अर्कोतर्फ, राज्यका निकायप्रतिको नागरिक विश्वास पनि चुनौतीमा परेको छ । जब नागरिकले न्याय खोज्ने ठाउँमा अपमान महसुस गर्छ, जब कानुन लागू गर्ने निकायको व्यवहार नै विवादको विषय बन्छ, जब साना व्यवसायीको श्रम सडकमा पोखिन्छ, तब लोकतन्त्रको आत्मा कमजोर हुन्छ । राज्यप्रतिको विश्वास घट्नु कुनै पनि समाजका लागि सबैभन्दा ठूलो जोखिम हो । तर यो निराशाको कथा मात्र होइन । संसारका धेरै देशले यस्तै चुनौतीबाट सिकेका छन् । सिंगापुरले विद्यालयदेखि राष्ट्रिय पहिचान र नागरिक जिम्मेवारी सिकायो । जापानले अनुशासनलाई पाठ्यपुस्तकभन्दा व्यवहारबाट सिकायो । फिनल्यान्डले सामाजिक विश्वासलाई विकासको आधार बनायो । भुटानले आर्थिक वृद्धिभन्दा मानिसको खुसीलाई विकासको मापदण्ड बनायो ।

नेपालले पनि अब केवल सडक, पुल र भवन निर्माणलाई मात्र विकासको मापन बनाउनु हुँदैन । सामाजिक पूँजी, नागरिक विश्वास, मानसिक स्वास्थ्य, नैतिक शिक्षा र सामुदायिक सम्बन्धलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्छ । विद्यालयमा व्यवहारिक नागरिक शिक्षा अनिवार्य गरिनुपर्छ । युवालाई समुदायसँग जोड्ने स्वयंसेवी कार्यक्रम सञ्चालन गर्नुपर्छ । डिजिटल साक्षरता, मानसिक स्वास्थ्य सेवा र परिवार-केन्द्रित सामाजिक अभियानलाई विस्तार गर्नुपर्छ ।

समाजको सभ्यता त्यसका अग्ला भवनले होइन, कमजोर नागरिकप्रतिको व्यवहारले मापन हुन्छ । दुर्घटनामा घाइतेलाई अस्पताल पुऱ्याउने हातभन्दा भिडियो खिच्ने मोबाइल धेरै देखिन थाले भने त्यो समाज आधुनिक त अवश्य हुन्छ, तर मानवीय रहँदैन । एक महिनाका यी घटनाहरू संयोग मात्र होइनन्; ती नेपाली समाजका गहिरा घाउका लक्षण हुन् । अझै पनि ढिलो भएको छैन । राज्यले न्याय दिनुपर्छ, विद्यालयले चरित्र निर्माण गर्नुपर्छ, परिवारले संवाद फर्काउनुपर्छ, सञ्चारमाध्यमले जिम्मेवार बहस सिर्जना गर्नुपर्छ र नागरिकले नागरिकप्रतिको दायित्व सम्झिनुपर्छ ।

अन्ततः कुनै पनि राष्ट्रको भविष्य जीडीपीले मात्र निर्धारण गर्दैन । त्यो राष्ट्रका नागरिक कति संवेदनशील, जिम्मेवार र एकअर्काप्रति कति मानवीय छन् भन्ने कुराले निर्धारण गर्छ । नेपालको सबैभन्दा ठूलो चुनौती अहिले आर्थिक होइन, सामाजिक चरित्रको संरक्षण हो । यदि हामीले यो चुनौती समयमै बुझेनौं भने विकासका सबै उपलब्धि इतिहासका पानामा सीमित हुनेछन्, तर यदि बुझ्यौं भने यही संकट नयाँ सामाजिक पुनर्जागरणको सुरुआत पनि बन्न सक्छ ।

## माइखोलामा पक्की पुल बन्ने

**दमक/** मेची कोरिडोर अन्तर्गत माइखोला बेलासेमा पक्की पुल निर्माण हुने भएको छ । पक्की पुल निर्माणका लागि सडक डिभिजन कार्यालयले ठेक्का आह्वान गरेको छ ।

यही असार १७ गते बोलपत्र आह्वान भएको र आगामी साउन १७ गते बोलपत्र खोलिने सूचना अधिकारी घिमिरेले बताए । सो पुल सम्झौता भएको ३० महिनासम्ममा निर्माण सम्पन्न गर्नुपर्नेछ ।

## कानको मुन्द्रा लुट्ने पक्राउ

**विर्तामोड/** स्कुलमा गई बालबालिकालाई फकाई फुल्याई कानको मुन्द्रा लुट्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले शिवसताक्षी नगरपालिका-९, रमाइलो निवासी ३० वर्षीय बिजु भनिने ३० वर्षीय विजय दर्जीलाई शनिबार कनकाई नगरपालिका-३, सुरुङ्गाको सार्वजनिक बसबाट नियन्त्रणमा लिएको हो ।

झापाको कनकाई नगरपालिका-३ निवासी राजकुमार श्रेष्ठका छोरा ११ वर्षीय प्रज्वल श्रेष्ठको फकाएर दुबै कानको मुन्द्रा लुटिएको थियो । सोही प्रकृतिको घटना स्थानीय भृकुटी माविका २ जना विद्यार्थी, यसैगरी कनकाई नगरपालिका-८ हिमाली माविमा कक्षा २ मा अध्यानरत एक बालकको समेत कानको मुन्द्रा सोहि तरिकाले लुटिएको थियो । एक महिनभित्र एक्कै प्रकृतिले कनकाई नगरपालिका भित्रमात्रै ५ जना बालबालिकाको कानको मुन्द्रा लुटिएको घटना सार्वजनिक भएपछि मुन्द्रा चोरीमा संग्लनमाथि कडा निगरानी राखिएको इलाका प्रहरी कार्यालय सुरुङ्गाका प्रहरी प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक रवि राईले बताए ।

***डुबेर...***नगरपालिका-७ मा परिवारसहित बसोबास गर्दै आएका थिए । खेल्ने क्रममा उनीहरू पशु हाटबजार परिसरको खाल्डोमा जमेको पानीमा नुहाउने क्रममा डुबेको बताइएको छ । सोही खाल्डो गाई, गोरु र भैंसी लगायतका पशुहरूका लागि पानी खान बनाइएको बुझिएको छ ।

# पूर्वराजा शेख हमादको निधन

**एजेन्सी /** कतारका पूर्वराजा (फादर अमिर) शेख हमाद बिन खलिफा अल थानीको ७४ वर्षको उमेरमा निधन भएको छ । कतारको राजदरबारले एक विज्ञप्ति जारी गर्दै अल थानीको निधन भएको पुष्टि गरेको हो ।

अल थानीको मृत्युपछि कतारले सोमबारबाट लागू हुने गरी चार दिनको राष्ट्रिय शोकको घोषणा गरेको छ । यस अवधिमा सरकारी निकाय र सार्वजनिक संस्थानहरुलाई बिदा दिइनेछ भने राष्ट्रिय झण्डालाई आधा झुकाइनेछ ।

शेख हमादले सन् १९९५ देखि २०१३ सम्म कतारको सत्ता सम्हालेका थिए । उनलाई आधुनिक कतारको विकासको सुत्राधार मानिन्छ । उनको शासनकालमा कतारले आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा ठूलो प्रगति गरेको थियो ।

सन् २००४ मा कतारको पहिलो स्थायी संविधानको घोषणादेखि स्थानीय चुनावमा महिलालाई मतदान गर्ने तथा उम्मेदवार बन्न पाउने अधिकारको सुनिश्चिता उनकै शासनकालमा भएको थियो । विश्वचर्चित न्युज च्यानल अल जजिराको सुरुवात गरेको श्रेय पनि शेख हमादलाई नै जान्छ । उनकै कार्यकालमा सन् १९९६ मा अल जजिराको सुरुवात भएको थियो । सन् २०१३ मा उनले स्वेच्छाले सत्ता त्यागेका थिए । उनले आफ्ना छोरा शेख तमिम बिन हमाद अल थानीलाई सत्ता हस्तान्तरण गरेका थिए ।

### अमेरिका-इरान तनाव चर्कियो

## दुवै पक्षबाट आक्रमण जारी

**एजेन्सी/** अमेरिकी सेन्ट्रल कमाण्डले आइतबार इरानविरूद्धको सैन्य अभियानको तेस्रो चरण सम्पन्न भएको जनाएको छ । कमाण्डका अनुसार यस चरणमा करिब १४० वटा लक्ष्यमा आक्रमण गरिएको छ ।

सामाजिक सञ्जाल 'एक्स'मार्फत सेन्ट्रल कमाण्डले जनाएअनुसार आक्रमणका क्रममा क्षेप्यास्त्र तथा ड्रोन प्रक्षेपणस्थल, गोलाबारूद भण्डारण केन्द्र, सञ्चार उपकरण तथा अन्य सैन्य पूर्वाधारलाई निशाना बनाइएको थियो ।

यसअघि जारी अर्को विज्ञप्तिमा कमाण्डले व्यावसायिक जहाजमाथि भएका आक्रमणपछि इरानलाई समझदारीपत्र पालना गर्ने अवसर दिइएको भए पनि त्यसमा असफल भएको दाबी गरेको थियो ।

यसैबीच, युनाइटेड किंङडम मेरिटाइम ट्रेड अपरेसन्सले शनिबार अबेर ओमानको तट नजिक भएको एक घटनामा क्षति पुगेपछि एउटा कन्टेनर जहाजमा आगलागी भएको जनाएको छ ।

# कुकुर पाल्न वडाको अनुमति अनिवार्य



**दमक/** झापाको शिवसताक्षी नगरपालिका वडा नम्बर ८ मा अबदेखि कुकुर पाल्दा अनिवार्य रूपमा वडा कार्यालयबाट अनुमति लिनुपर्ने भएको छ । सामुदायिक कुकुरको टोकाइका कारण सर्वसाधारणमा समस्या बढेपछि वडा कार्यालयले यस्तो नियम लागू गरेको हो । वडाले सार्वजनिक सूचना जारी गर्दै सबै कुकुरधनीहरूलाई दर्ता प्रक्रियामा आउन आह्वान गरेको छ । दर्ताका लागि कुकुरधनीको नाम, ठेगाना, सम्पर्क नम्बर, कुकुरको जात, उमेर, लिंग, रङ, उचाइ, लम्बाइ र तौल खुल्नुपर्नेछ । साथै, रेबिजविरूद्धको खोप लगाएको विवरण र कुकुर तथा धनीको रंगीन फोटोसमेत बुझाउनुपर्ने व्यवस्था गरिएको छ ।

वडा कार्यालयसँग जिम्मेवारी सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरेपछि मात्र कुकुर दर्ता हुनेछ । वडा अध्यक्ष सन्तकुमार फेउदिनका अनुसार वडाले बनाएको कार्यविधिमा सहमति नभए वडाभित्र कुकुर पाल्न पाइने छैन ।

वडा कार्यालयका अनुसार हालसम्म १२ जना कुकुरधनीले आ~ना कुकुर दर्ता गराइसकेका छन् । यसअघि वडा नम्बर ८ मा सामुदायिक कुकुरको टोकाइबाट घाइते भएका ९ जनालाई नगरपालिकाले रेबिजविरूद्धको खोपसहित प्रतिव्यक्ति १० हजार रूपैयाँ आर्थिक सहायता उपलब्ध गराएको थियो ।

***फालेलुङमा.....***सरकारले स्थानीय तहलाई चालु आर्थिक वर्षका लागि असार २५ गते मध्यरातसम्म कारोबार गर्ने समयसीमा तोकेको थियो । प्रमुख प्रशासकीय अधिकृत सुमन यङ्या र लेखा अधिकृत दीपेन्द्र चेम्जोङले संयुक्त रूपमा हस्ताक्षर गरेको विज्ञप्तिमा उक्त तथ्यांक उल्लेख छ ।

फालेलुङ गाउँपालिकाले यस वर्षको खर्च प्रगतिलाई सन्तोषजनक रूपमा लिएको गाउँपालिका अध्यक्ष वीरविक्रम थाम्सुहाङले बताए ।

**बीमा पोलिसी हरायो**

मेरो निम्न अनुसारको बीमा पोलिसी यही मिती २०८३/जेष्ठ २०/ गते का दिन दमक गौरादह जाने आउने क्रम मा हराये को हुँदा पाउनु हुने महानुभाव ले नजिक को प्रहरी वा निम्न ठेगाना मा बुझाई दिनु हुन अनुरोध गर्दछु

नाम : **किशोर कुमार पौडेल**
ठेगाना: गौरादह-१ डिपु चोक
बिमा कम्पनि: **प्राइम लाइफ इंसोरेंस कंपनी लिमिटेड**
बीमा पोलिसी नम्बर (PLI) १०१०००७१९२.
सम्पर्क नम्बर : **९८४२६२००७७**

# दार्चुला पुल निर्माण अभियानको आयव्यय सार्वजनिक

*__धरान/__ श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (साम्पाङ)को नेतृत्वमा सञ्चालन भएको दार्चुलाको दुम्लिङ झोलुङ्गे पुल निर्माण अभियानको आय व्यय विवरण सार्वजनिक भएको छ । आयोजित पत्रकार सम्मेलनमा पुल निर्माण समितिकी कोषाध्यक्ष समिता राईले दार्चुला पुल निर्माणका लागि बैँकको क्युआरमार्फत २ करोड ७१ हजार ५ सय ६ रूपियाँ र नगद ४९ लाख ६५ हजार ५९५ रूपियाँ संकलन भएको जानकारी दिए । बैँक र नगद गरी कुल २ करोड ५० लाख ३७ हजार १०१ रूपियाँ आम्दानी भएको र त्यसमध्ये दुम्लिङ झोलुङ्गे पुल निर्माणका क्रममा १ करोड २९ लाख २९ हजार १७४ रूपियाँ खर्च भएको बताए ।*

*विवरण अनुसार खर्चमध्ये झोलुङ्गे पुल निर्माण सामग्री खरिद, सर्वेक्षण, मेसिन खरिद तथा कार्यालयसम्बन्धी कागजात व्यवस्थापनमा ५५ लाख १३ हजार ५२३ रूपियाँ खर्च गरिएको छ । पुल निर्माण सामग्री खरिदमा मात्रै ४५ लाख २७ हजार ९३४ रूपियाँ खर्च भएको कोषाध्यक्ष राईले जानकारी दिए ।*

*त्यसैगरी प्रशासनिक शीर्षक अन्तर्गत यातायात, खाना, क्याम्प व्यवस्थापन तथा ढुवानी एवं विविध खर्चमा ७४ लाख १५ हजार ६५१ रूपियाँ खर्च भएको छ । जसमध्ये यातायातमा २८ लाख ४८ हजार ३८३ रूपियाँ, खानामा १६ लाख ४० हजार ६४२ रूपियाँ, क्याम्प व्यवस्थापनमा ५ लाख ९१ हजार ५९५ रूपियाँ तथा ढुवानी र विविध खर्चमा १२ लाख ४७ हजार ४०० रूपियाँ खर्च भएको छ ।*

*पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको विवरण अनुसार हाल बैँक खातामा १ करोड ४ लाख ४५ हजार ४५२ रूपियाँ १ पैसा मौज्दात रहेको छ भने नगद मौज्दात १६ लाख १५ हजार ९४१ रूपियाँ रहेको छ । यसरी अभियानको कुल मौज्दात १ करोड २० लाख ६१ हजार ३९३ रूपियाँ १ पैसा रहेको छ ।*

## विद्यार्थीलाई सांस्कृतिक ज्ञान

**भोजपुर /** भोजपुरको समता स्कुलले सांस्कृतिक परम्परा संरक्षण तथा प्रवर्द्धनका लागि विशेष पहल थालेको छ । विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी जीवनोपयोगी ज्ञानसँगै मौलिक संस्कृतिसँग जोड्ने उद्देश्यले विभिन्न कार्यक्रममार्फत विद्यार्थीहरूलाई स्थानीय कला, संस्कृति, परम्परा तथा जीवनशैलीबारे व्यावहारिक ज्ञान प्रदान गर्दै आएको छ ।

विद्यालयमा समय-समयमा सञ्चालन हुने सांस्कृतिक कक्षा, लोकनृत्य, लोकगीत, भेषभूषा प्रदर्शन, परम्परागत खेलकुद तथा चाडपर्वसम्बन्धी चेतनामूलक कार्यक्रमले विद्यार्थीहरूमा आ~नो मौलिक पहिचानप्रति गर्व गर्ने भावना विकास भएको विद्यालयका प्रधानाध्यापक मुना पाण्डेले बताइन् । अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यार्थीलाई परम्परागत संस्कृति, रहनसहन तथा वेशभूषाबारे ज्ञान दिने गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुमन प्रधानले आधुनिक शिक्षासँगै संस्कार र संस्कृतिको संरक्षण पनि उत्तिकै आवश्यक भएकाले यस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताए ।

***मनसुन...***

भएकाले उच्च सतर्कता अपनाउन तथा आवश्यक सावधानीका साथ यात्रा गर्न आग्रह गरेको छ।

विभागका अनुसार आइतबार कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका तराईका धेरै स्थान तथा लुम्बिनी र सुदूरपश्चिमका केही स्थानमा मध्यम वर्षा हुनेछ। तर, मधेश प्रदेशसहित कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी तथा तराईका एक-दुई स्थानमा ठुलो वर्षाको सम्भावना पनि छ।

सोमबार राति मौसममा थप बदलाब आई कोशी र बागमती प्रदेशको पहाडी तथा तराई भूभाग र मधेश प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा हुने प्रक्षेपण गरिएको छ।

***आन्तरिक.....***

*माला उने जस्तै देखिने १७८ वटा कुण्ड यस क्षेत्रको अर्को आकर्षण मानिन्छ ।*

*प्राकृतिक सौन्दर्य, जैविक विविधता, दुर्लभ वनस्पति तथा वन्यजन्तुले तिम्बुङ पोखरीलाई अझ मनमोहक बनाउने गर्छ । असार साउन महिनाको अन्तिमदेखि भदौभर यहाँको प्राकृतिक सजावट झन् आकर्षक हुने भएकाले यही समय भ्रमणका लागि उपयुक्त हुने स्थानीय पर्यटन व्यवसायी अमिर राई बताउँछन् ।*

*ऐतिहासिक, धार्मिक तथा जैविक विविधताले सम्पन्न तिम्बुङ पोखरी पुग्न पाँचथर सदरमुकाम फिदिमबाट मेची राजमार्ग र निर्माणाधीन मध्यपहाडी लोकमार्ग हुँदै च्याङथापुसम्म मोटरबाट यात्रा गर्न सकिन्छ । त्यसै गरी झापाबाट इलामको फिक्कल, पशुपतिनगर, सन्दकपुर र फालोट हुँदै पनि यहाँ पुग्ने विकल्प रहेको छ ।*

*पोखरी आसपास होमस्टेको व्यवस्था गरिएको छ । फालोट वा च्याङथापु जुनसुकै मार्गबाट जाने पर्यटकले भरिया वा याकमार्फत सामान ढुवानी गर्न सक्ने सुविधा पनि उपलब्ध हुन्छ । स्थानीयका अनुसार असोजदेखि वैशाखसम्म यस क्षेत्रमा हिमपात हुने भएकाले यात्रा कठिन हुन्छ ।*

*तिम्बुङ पोखरीबाट निस्केको मूलपानीबाट इवा खोलाको उत्पत्ति भएको छ । पोखरीको पानी अत्यन्तै सङ्लो र पारदर्शी भएकाले तीर्थयात्रीले चढाएका सिक्का तथा अन्य सामग्री पिँधसम्म स्पष्ट देख्न सकिन्छ । मौसम खुलेका बेला यहाँबाट कञ्चनजङ्घा, कुम्भकर्णसहित विभिन्न हिमशृत्त्ला, अग्ला पहाड तथा भारत र सिक्किमका विभिन्न भूभागको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । पोखरी वरिपरि फुल्ने केञ्जोको सुगन्धले वातावरणलाई अझ रमणीय बनाउने गर्दछ ।*

*स्थानीय जनश्रुति अनुसार करिब तीन सय वर्षअघि भेडीगोठ सार्दै हिमाली क्षेत्रमा पुगेका गोठालाले पहिलो पटक तिम्बुङ पोखरी पत्ता लगाएका थिए । बुढापाकाका अनुसार पृथ्वीमा ठुला घटना वा विपत्ति आउनुअघि पोखरी क्षेत्रमा बन्दुक पड्के जस्तो आवाज सुनिने विश्वास रहिआएको छ । लिम्बू भाषामा बन्दुकलाई 'तिम्मक' भनिने भएकाले त्यसैबाट अपभ्रंश हुँदै तिम्बुङ पोखरी नाम रहन गएको भाषाका जानकार बताउँछन् ।*

*वैशाखदेखि असोजको पहिलो सातासम्मको अवधि भ्रमणका लागि उपयुक्त मानिन्छ । विशेष गरी साउनको नागपञ्चमीदेखि भदौको जनैपूर्णिमा र श्रीकृष्ण जन्माष्टमीसम्म यहाँ धार्मिक तीर्थयात्रीको उल्लेख्य भिड लाग्ने गर्दछ । सामाजिक अभियन्ता कृष्ण प्याकुरेलका अनुसार साउन-भदौमा केञ्जोलगायतका हिमाली जडीबुटी ढकमक्क फुल्ने भएकाले यही समय तिम्बुङ पोखरीको प्राकृतिक सौन्दर्य उत्कर्षमा पुग्छ ।*

*यद्यपि यस वर्ष मेची राजमार्ग अन्तर्गत इलामको राजदुवाली क्षेत्र तथा मध्यपहाडी लोकमार्गको दोभाने खण्डमा बाढी र पहिरोका कारण सडक अवरूद्ध भएकाले यात्रुले केही सास्ती बेहोर्नु परेको यात्री बताउँछन् । हरेक वर्ष जेठदेखि असोजसम्म पर्यटक आउने गरे पनि साउन र भदौ महिना भ्रमणका लागि सबैभन्दा उपयुक्त मानिन्छ ।*

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा

गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२. **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल